# आवश्यकी सूचना

मिति: २०८३/०१/३०

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रद्वारा निकट भविष्यमै विज्ञसमीक्षित (Peer Reviewed) लेखहरू सङ्कलन गरिएको 'ऋतम्भरा' नामक अनुसन्धानमूलक षाण्मासिकी त्रैभाषिकी पत्रिकाको पूर्णाङ्क १०, अन्तर्राष्ट्रिय मानक क्रमाङ्क (ISSN) र DOI (Digital Object Identifier) प्राप्तिसहित Nepjol मा सूचीकृत गर्ने गरी प्रकाशन गर्न लागिएको वेहोरा सम्वद्ध सबै शोधकर्ता लेखकहरूलाई सादर जानकारी गराउँछौं । उक्त पत्रिकामा प्रकाशन गर्नका लागि प्रचलित शोधविधिको अनुसरण गरी लेखिएका र यसअघि अन्यत्र प्रकाशन नगरिएका मौलिक शोधलेखहरू आह्वान गरिन्छन् । इमेलका माध्यमले लेख पठाउने अन्तिम दिनाङ्क २०८३/०२/३० तोकिएको छ । विज्ञसमीक्षाका लागि निर्धारित सम्पूर्ण प्रक्रियाहरू पूरा गरी उक्त प्रक्रियामा प्रकाशनयोग्य ठहरिएपछि मात्र प्राप्त लेखको प्रकाशन गरिनेछ । विज्ञ परीक्षणबाट अस्वीकृत भएका लेख ऋतम्भरामा प्रकाशन गरिने छैन । प्रकाशनका लागि अयोग्य ठहरिएका लेखहरू फिर्ता गरिने छैनन्, तसर्थ आफ्नो लेखको एक प्रति आफूसँग सुरक्षित राख्नुहोला । लेखहरूको परीक्षणमा उभय अज्ञाततविधि (Double blind peer review method) अवलम्वन गरिने छ । लेख पठाउँदा लेखकले अनुसरण गर्नुपर्ने नियमहरू निम्नानुसार छन् :

१. लेख आफ्नो विषयसँग अनुकूल हुने गरी संस्कृत, नेपाली र अङ्ग्रेजीमध्ये कुनै एक भाषामा लेखिएको हुनु पर्नेछ । संस्कृत र नेपाली भाषाका लेखहरू देवनागरी लिपिको युनिकोड कोकिला फन्टको १६ प्वाइन्टको अक्षरमा र अङ्ग्रेजी भाषाका लेखहरू Times New Roman को १२ प्वाइन्टमा टङ्कन गरिएको हुनुपर्ने छ । लेख टङ्कन गरिएको पृष्ठको चारै पट्टि एक इन्च छोडिएको हुनुपर्नेछ । स्पष्टता र सुपठनका लागि लेखका हरेक पङ्क्तिको अन्तराल १.५ हुनु पर्नेछ । लेखमा एउटा सन्दर्भ, प्रसङ्ग वा तर्क समाप्त भएपछि अनुच्छेदपरिवर्तन (Paragraph change) गरिएको हुनु पर्नेछ । नयाँ अनुच्छेद प्रारम्भ गर्दा बायाँतिर एक इन्च छोडिएको हुनु पर्नेछ ।

२. अङ्ग्रेजी भाषामा लेखिएका लेखहरू एपिए शैलीमा आधारित हुनपर्नेछ । उक्त शैलीमा ३९ शब्दभन्दा माथिको उद्धरणलाई बायाँतिर दुई स्पेस छाडेर ब्लक कोटेसन्स (Block Qutotations) गरेर राखिएको हुनु पर्नेछ । यसरी राख्दा उद्धरणचिह्न आवश्यक हुने छैन । अल्पविराम र पूर्णविरामपछि कोष्ठमा नियमानुसार स्रोतको उल्लेख चाहिँ गर्नु पर्नेछ । अनुसन्धाताहरूले लेख पठाउँदा रिच टेक्स्ट फर्मेटको वर्ड फाइल (Word File/Rich Text Format) मै पठाउनु पर्नेछ ।

३. अनुसन्धाताले वेद-वेदाङ्ग-भाषा-साहित्य-कला-धर्मशास्त्र-ज्योतिष-प्राच्यदर्शन आदि शास्त्रीय विषयहरूका साथै विज्ञान-आयुर्वेद-मानवशास्त्र-गणित-योग-प्राकृतिकचिकित्सा आदि प्राविधिक विषयहरूमध्ये कुन चाहिँ विषयमा शोध गरेको हो भन्ने कुरा स्पष्ट निर्देशित गरेको हुनु पर्नेछ । अर्थात् लेखकले आफ्नो लेखको विषयगत र विधागत सम्बन्ध स्पष्ट प्रदर्शन गरेको हुनु पर्नेछ ।

४. हरेक लेखको शब्दसीमा न्यूनतम ३५०० र अधिकतम ५००० हुनु पर्नेछ ।

५. विषयवस्तुको थुप्रो र सूचना वा जानकारीको विश्लेषणविहीन सङ्कलनलाई मात्र अनुसन्धान मानिँदैन । त्यसैले ५००० शब्दहरू रहेको अनुसन्धानात्मक लेखमा कम्तीमा २५०० शब्दमा विषयविश्लेषण गरिएको हुनु पर्नेछ । विषय विश्लेषण अनेक उपशीर्षकहरूमा गर्न सकिने छ । विषय विश्लेषण पनि निर्दिष्ट सिद्धान्तका आधारमा गर्नुपर्नेछ ।

६. शोधलेखको शीर्षक विषयगत प्राज्ञिक जिज्ञासायुक्त, सारपूर्ण र औचित्यपूर्ण हुनुपर्नेछ साथै १२ शब्दभन्दा

७. अनुसंहित लेखहरूको विषय व्यवस्थापन गर्दा विश्व प्रचलित शैलीहरूमध्ये एपिए (APA) पद्धतिको नवीनतम संस्करण (Latest Edition-7th) लाई आफ्नो विधा र शास्त्रअनुकूल तुल्याएर प्रयोग गरिएको हुनु पर्नेछ । देवनागरी लिपिमा लेखिएका संस्कृत र नेपाली भाषाका लेखहरूको सन्दर्भनिर्देश र सन्दर्भ ग्रन्थसूचीमा प्रौढ शास्त्रीय ग्रन्थहरूको प्रविष्टि दिँदा ग्रन्थलाई प्रमुखता दिने र बीसौं शताब्दी यताका पछिल्ला आधुनिक ग्रन्थको प्रविष्टि दिँदा लेखकलाई प्रमुखता दिने पद्धति अनुसरण गरिएको र सो कुरा शोधविधिमा उल्लेख भएको हुनु पर्नेछ । देवनागरी लिपिमा लेखिएका संस्कृत र नेपाली भाषाका लेखहरूमा एपिएको सातौं संस्करणको अनुसरण गरिएको भए पनि सन्दर्भ ग्रन्थसूचीमा प्रकाशन स्थान चाहिँ उल्लेख गरिएको हुनु पर्नेछ ।

८. प्रत्येक शोधलेखमा लेखसार, प्रमुख शब्द, विषयपरिचय, पूर्वकार्यसमीक्षा, शोधान्तराल, शोधसमस्या र शोधउद्देश्यको प्रस्तुति, अध्ययनको ढाँचा र विधि, विषयविश्लेषण, निष्कर्ष, कृतज्ञताज्ञापन र सन्दर्भग्रन्थसूची आदि अङ्ग उपाङ्गहरू अनिवार्यरूपमा रहनु पर्नेछ ।

९. लेखसार १५० शब्दसीमामा सीमित रही प्रस्तुत गर्नुपर्नेछ । उक्त लेखसार परिचय, शोधविधि, विश्लेषणको सारप्रस्तुति र निष्कर्ष रहेको इमराड (IMRAD) शैलीमा प्रस्तुत गरिएको हुनु पर्नेछ ।

१०. शब्दकुञ्जिकामा तीनदेखि पाँच शब्दमात्र समाविष्ट हुनु पर्नेछ । यसमा त्यस्ता शब्दहरू रहनु पर्नेछ, जसका आधारमा उक्त लेखको विषयबोध गर्न सहयोग पुगोस् । त्यस्ता शब्दहरू वर्णानुक्रममा उपस्थापित गर्नु पर्नेछ ।

११. लेखमा लामा लामा उद्धरणहरू रहनु हुँदैन ।

१२. लेखको निष्कर्षखण्डमा अनुसन्धित विषयको मूल आशय, सारभूत निष्कर्ष, उपलब्धि र भावी अनुसन्धानका लागि परामर्श पनि प्रस्तुत गरिएको हुनु पर्नेछ ।

१३. आवश्यक देखिएको खण्डमा शोधलेखमा सन्दर्भग्रन्थसूचीको ठिक अगाडि सङ्क्षेपीकृतशब्दसूची पनि प्रस्तुत गर्न सकिने छ ।

१४. सन्दर्भग्रन्थसूचीलाई वर्णानुक्रममा प्रस्तुत गर्नुपर्नेछ । सन्दर्भग्रन्थसूची प्रस्तुत गर्दा संस्कृत र नेपालीका लेखमा सर्वप्रथम देवनागरी लिपिअनुसारको सूची वर्णानुक्रममा प्रस्तुत गर्नुपर्नेछ र त्यसपछि अङ्ग्रेजी भाषाका ग्रन्थहरूको वर्णानुक्रमसम्बद्ध सूची दिनु पर्नेछ ।

१५. अङ्ग्रेजी भाषाको लेख हो भने सुरुमा अङ्ग्रेजी भाषाका सन्दर्भसामग्रीलाई वर्णानुक्रममा र त्यसपछि अन्य भाषाका सामग्रीलाई वर्णानुक्रममा प्रस्तुत गर्नुपर्नेछ ।

१६. लेख लेख्दा परिशीलन गरिएका ग्रन्थहरूको सूची लेखको अन्त्यमा अनिवार्य प्रस्तुत गर्नुपर्नेछ । यसरी सन्दर्भसूची निर्माण गर्दा मूलपाठमा उद्धृत गरिएका ग्रन्थहरूको सूची मात्र बनाउनु पर्नेछ । परिशीलन गरिएका ग्रन्थहरूको सूची धेरै देखाउनकै लागि शोधलेखमा उपयोग नगरिएका ग्रन्थहरू सन्दर्भकृतिसूचीमा समावेश गर्नु हुँदैन ।

१७. एउटा अनुसन्धान लेख लेख्दा आफ्नो शोधविषयसँग सम्बन्धित कम्तीमा दशवटा मानक ग्रन्थहरूको गहन अध्ययन आवश्यक छ ।

१८. भावहरण, विषयापहरण, विचारको पुनरावृत्ति, विपुल उद्धरणहरूको उपयोग र धेरै उपशीर्षकहरूको प्रयोग आदि दोष शोधलेखमा रहनु हुँदैन । हरेक उद्धरण र सन्दर्भसङ्केत नियमबमोजिम प्रस्तुत गर्नु अनिवार्य छ ।

१९. प्रकाशनका लागि लेख पठाउँदा निर्धारित ढाँचामा टाइप गरेर पठाउनु पर्नेछ । हस्तलिखित लेख प्रकाशनका लागि ग्राह्य हुने छैन ।

२०. लेखको अन्त्यमा लेखकको नाम, पेसा, ठेगाना, मोबाइल नम्बर र इमेल स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ ।

२१. ऋतम्भराका लागि प्रेषित लेख प्रकाशनका लागि अन्यत्र पठाइएको छैन भन्ने प्रतिवद्धतापत्र पनि समाविष्ट हुनु पर्नेछ ।

२२. माथि बताइएका सम्पूर्ण प्रावधानको अनुसरण नगरिएका शोधलेखहरू ऋतम्भरामा प्रकाशित हुने छैनन् ।

**लेख पठाउने इमेल ठेगाना:- info.ritambhara.2081@gmail.com**

सम्पादक मण्डल